..

.

# हिलिहाङ गाउँपालिका

## स्थानिय राजपत्र

खण्डः ५) प्रदेश नं १,नेपाल,१८ असार २०७९ साल (संख्याः ३

## भाग २

## हिलिहाङ गाउँपालिका

### संवत २०७९ सालको कार्यविधि नः ३

### "कृषि व्यवसाय (अनुमित ,दर्ता , नविकरण ) कार्यविधि २०७९ "

**प्रस्तावनाः–**

स्थानिय सरकार संचालन ऐन , २०७४ दफा ११ को उपदफा २(ण) अनुसार हिलिहाङ गाउँपालिका,गाउँकार्यपालिकालाई प्राप्त अधिकारक्षेत्र भित्र रहेर यस पालिका भित्र संचालनमा रहेका र संचालन हुने कृषिजन्य,पशुपंछी जन्य तथा माछाजन्य ( उत्पादन देखी बजारीकरण सम्मका ) व्यवसायहरूलाई व्यवस्थित गर्दै संचालनमा प्रेरित गर्न र नियमन कार्यको लागी ऐनको दफा ११ को उपदफा (७) बमोजिम **कृषि व्यवसाय(अनुमित ,दर्ता , नविकरण) कार्यविधि २०७९** लागु गर्नु वान्छनिय भएकोले यो कार्यविधि स्वीकृत गरी लागु गरीएको छ।

## परिच्छेद–१

प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.यस कार्यविधिको नामः **कृषि व्यवसाय (अनुमति,दर्ता ,नविकरण) कार्यविधि,२०७९** रहेको छ।

२.यो कार्यविधि हिलिहाङ गाउँकार्यपालिकाले स्विकृत गरेको मितिबाट लागु हुने छ।

**२.परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

“**स्थानिय सरकार**” भन्नाले हिलिहाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

“ **व्यवसाय** ” भन्नाले हिलिहाङ गाउँपालिका भित्र व्यवसायिक रूपमा संचालन हुने सम्बन्धित कार्यालयहरूमा दर्ता,नविकरण र अभिलेखिकरण भएका व्यवसायिक कृषिजन्य कारोवार गर्न ( उत्पादन , प्रशोधन, विक्रीवितरण , भन्डारण ) व्याक्ति / संस्था / फर्म/ प्रा.लि लाई सम्झनु पर्छ।

“**अनुमति** ” भन्नाले उधोगी व्यवसायिलाई गाउँपालिकाले कानुन बमोजिम व्यवसाय दर्ता गरि उधेश्य बमोजिम कारोवार गर्न दिईने सहमती सम्झनु पर्छ।

“**दर्ता,अभिलेख,नविकरण** ” भन्नाले कुनै पनि उधोग व्यवसायहरू सम्बन्धित कार्यालयमा कानुन बमोजिम दर्ता भई यस गाउँपालिकाको क्षेत्र भित्र संचालन गर्न गाउँपालिकाको दर्ता

अनुसुची–४

दफा(१०) संग सम्बन्धित,

**कृषि,पशुपंछी तथा माछाजन्य व्यवसाय संचालन गर्दा अपनाउनुपर्ने जैविक सुरक्षा मापदण्डहरू:**

१.पशुपंछी(व्यवसाय) फर्म राष्ट्रिय तथा मुख्य सडकबाट र मानिस बसोवास गर्ने स्थान,मुख्य बजार या घर देखी पशुपंछी (व्यवसाय) फर्मको दुरी १०० मिटर टाढा हुनु पर्नेछ।

२.मानिस बस्ने घरमा मानिस संगै राखेर कुखुरा,भेंडा ,बाख्रा लगायतका पशुपंछी पाल्न पाइने छैन।

३.फर्म भित्र अन्य जनवार,पंछी नछिर्ने खालको पर्खाल ,टाटी वा जालिले घेरेर राख्ने साथै अनुमति विना प्रवेश निषेध लेखेको वोर्ड समेत राखेको हुनु पर्नेछ।

४.फर्ममा काम गर्ने कामदारलाई सरसफाईको लागि नजिकै धारा,वाथरूम तथा ट्वाइलेटको राम्रो व्यवस्था गरेको हुनु पर्नेछ।

५.लामो समय सम्म काम गर्ने कामदारहरूको विमा तथा स्वास्थ्य विमाको नितिगत व्यवस्था गरि विमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

६.फर्मबाट उत्पादन हुने पशुपंछीको मलमुत्र,फोहोर मैला तथा मृत पशुपंछीको व्यवस्थापन गर्न सुरक्षित कम्पोष्ट पिट,वायोलोजिकल्स पिट,पिसाव संकलन टंकी आदिको व्यवस्था गरेको हुनु पर्नेछ।

७.माथि उललेख भएको व्यहोरा लगायत नेपाल सरकारले विभिन्न औधोगिक निति नियम रकानुनले तय गरेका मापदण्ड लाई आधार मानि व्यवसाय संचालन भएको हुनु पर्नेछ।

**प्रमाणिकरण मिति: २०७९ /३/१७**

**आज्ञाले**

**विक्रम लिम्बु**

**प्रमुख प्रशासकिय अधिकृत**

अभिलेखमा अभिलेखिकरण गर्ने र अभिलेखिकरण भएको हरेक वर्ष तोकिएको दस्तुर तिरि असार मसान्तमा संस्था नविकरण गर्ने भन्ने सम्झनु पर्छ।

“**कृषक** ” भन्नाले कृषि , पशुपंक्षि तथा मतस्यपालन व्यवसायमा आवद्ध एकल वा समुहमा रहेका मानिस सम्झनु पर्छ।

“ **कृषक समुह** ” भन्नाले कृषि , पशुपंक्षि तथा मतस्यपालन व्यवसायमा आवद्ध एउटै उधेश्य र पेशा भएका कम्तिमा १५ जना कृषकहरूको समुहलाई सम्झनु पर्छ।

“ **सहकारी** ” भन्नाले कृषि तथा पशुपालन व्यवसायमा आवद्ध एउटै उधेश्य र पेशा भएका कम्तिमा २५ जना कृषकहरूको समुह जो सहकारी ऐन बमोजिम सम्बन्धित सम्बन्धित निकायमा दर्ता र गाउँपालिकामा अभिलेखीकरण भएको सहकारी संस्था सम्झनु पर्छ।

“**उधोगी/व्यवसायी** ” भन्नाले सम्बन्धित कानुन बमोजिम व्यवसाय दर्ता गरि व्यवसायिक रूपमा उत्पादन,प्रशोधन निकासी पैठारी तथा वजारिकरण सम्बन्धि कारोवार गर्ने संस्था सम्झनु पर्छ।

“ **कार्यालय** ” भन्नाले यस हिलिहाङ गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

“ **शाखा** ” भन्नाले यस हिलिहाङ गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनु पर्छ ।

“ **वडा** ” भन्नाले यस हिलिहाङ गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरू सम्झनु पर्छ।

“**अध्यक्ष** ” भन्नाले यस हिलिहाङ गाउँपालिकाको गाउँपालिका अध्यक्ष सम्झनु पर्छ।

“ **उपाध्यक्ष** ” भन्नाले यस हिलिहाङ गाउँपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनु पर्छ।

“ **कार्यपालिका सदस्य** ” भन्नाले यस हिलिहाङ गाउँकार्यपालिकाको सदस्यहरूलाई सम्झनु पर्छ।

“ **प्रमुख प्रशासकिय अधिकृत** ” भन्नाले यस हिलिहाङ गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ।

“ **वडा समिति** ” भन्नाले यस हिलिहाङ गाउँपालिका अन्तर्गतका वडा समितिहरू सम्झनु पर्छ।

“ **व्यवसायि** ” भन्नाले यस हिलिहाङ गाउँपालिका भित्रका सम्बन्धित व्यवसायि व्याक्ति वा संस्था सम्झनु पर्छ।

“ **कार्यविधि** ” भन्नाले कृषि व्यवसाय (अनुमित ,दर्ता , नविकरण,) कार्यविधि २०७८ सम्झनु पर्छ।

**३.उधेश्यः– यस कार्यविधिका उधेश्य देहाय अनुसार हुनेछन् ।**

१.स्थानिय सरकार संचालन ऐन र कार्यविधिबाट प्राप्त अधिकारको अधिकतम प्रयोग गरि यस गाउँपालिकामा बसोवास गर्ने आम जनमानसले पाउनु पर्ने गाँस,वास,कपास,स्वास्थ्य,शिक्षा र सुरक्षाको बन्दोवस्तीलाई व्यवस्थित गर्नु ।

२. आर्थिक समृदी,रोजगारी,निर्यातमुखी उत्पादन गर्न यस पालिका भित्र संञचालनमा रहेका र संञ्चालन हुने कृषि,पशुपंछी तथा मतस्यपालन जन्य व्यापार,व्यवसाय संगसम्बन्धित कल,कारखाना,उधोग,व्यवसाय,निकासी,पैठारी सबैको अभिलेख व्यवस्थापन ,दर्ता,नविकरण,राजश्व संकलन,पुरस्कार,प्रवर्द्धन,दण्ड,जरिवाना तथा नियमन समेतका कार्यक्रम संञ्चालन गर्नु ।

**४.क्षेत्रः** यस हिलिहाङ गाउँपालिका क्षेत्र भित्रका कृषि,पशुपंछी तथा मतस्य व्यवसायसंग सम्बन्धित सबै व्यवसायिहरूलाई समेट्नेछ ।

## परिच्छेद–२

## व्यवसाय दर्ता सम्बन्धि व्यवस्था

**५.व्यावसायको प्रकृतिः**

**५.१.कृषि ,मतस्य तथा पशुपंछीजन्य उत्पादनका क्षेत्र,**

**कृषि तर्फः**– विभिन्न फलफुल ,तरकारी ,पुस्प ,मसलावाली,नगतेवालि,उच्च मुलय भएका जडिवुटि खेति,मौरिपालन आदिको व्यवसायिक उत्पादन गर्ने व्यवसायी

**पशुपालनतर्फः**माछापालन,भेंडा,बाख्रा,च्याङग्रा,बंगुर,बंदेल,खरायो,गाई,भैंसि,शाँस,परेवा,वटाई,कालिज,अस्ट्रिज,कुखुरापालन गरि दुध ,अण्डा,मासु उत्पादन गर्ने कृषक ,समुह,सहकारी फर्म वा कम्पनी आदि लगानी तथा क्षमताको आधारमा व्यवसायको वर्गिकरण यस प्रकार रहनेछ ।

“ **क ”वर्गः** २० लाख माथी पुँजी लगानी भएको

“ **ख ”वर्गः** ५ देखी २० लाख पुँजी लगानी भएको

“ **ग ”वर्गः** ५ लाख भन्दा कम पुँजी लगानी भएको

उल्लेखित उत्पादनशिल व्यवसाय दर्ता प्रकृयाका लागी निम्न अनुसारका पशुपंछी संख्या तथा खेतियोग्य जमिन हुनु जरूरी हुनेछ ।

**नयुनतम मापदण्डहरूः**

१.गाई/भैंसिको फर्म दर्ताको लागि न्युनतम ४ माउ उत्पादन योग्य वयस्क पशु पालेको हुनुपर्नेछ ।

२.भेडा/बाख्रा/च्याग्रा/खरायोको फर्म दर्ताका लागि न्युनतम १५ माउ उत्पादन योग्य माउ भेंडा/बाख्रा/च्याग्रा/खरायो र मासुको लागि वयस्क २५ भेंडा/बाख्रा/च्याग्रा/खरायो पालेको हुनुपर्नेछ ।

## अनुसुची ३

दफा(९) सँग सम्बन्धित

**कृषि,उर्जा,पर्यटन र प्रविधि हिलिहाङको समृदी**

**हिलिहाङ गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**(……………..सेवा केन्द्र)**

**पंचमी,पाँचथर**

**१ नं प्रदेश नेपाल**

स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ११(७) ताथा दफा १०२(२) र “ कृषि व्यवसाय (अनुमित ,दर्ता ,नविकरण,) कार्यविधि २०७९” बमोजिम

**दफा(८) सँग सम्बन्धित,व्यवसाय दर्ता नविकरण तथा खारेजी अभिलेख किताबको ढाँचा**

**व्यवसाय दर्ता प्रमाण–पत्र को नविकरण विवरण**

व्यवसायको नामः…………………ठेगाना…………………………व्यवसाय दर्ता नं……………………………..

| क्र.स | गा.पा दर्ता नम्बर र मिति | | फर्मको नाम | नविकरण गरेको मिति | प्रोपाइटरको नाम | ठेगाना | अन्य निकायमा दर्ता गरेको भए | | व्यवसायको किसिम | व्यवसायको उधेश्य | लागत पुंजी | सम्पर्क नंम्बर | व्यवसायको फोटो | प्रमाणित गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर्ता नं | मिति | | | | | दर्ता मिति र नम्बर | दर्ता मिति र नम्बर | | | | | | |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |

**नोटः–**

१.यो प्रमाण–पत्रको म्याद व्यवसायको अनुमती/दर्ता/नविकरण/अभिलेख भएको मितिले १ वर्षको हुने छ ।त्यस पछि नविकरण भए अनुसार कायमरहने हुनाले हरेक असार मसान्त या म्याद सकिएको १ महिनाभित्र अनिवार्य नविकरण गराईसक्नु पर्नेछ ।

२.व्यवसायिले कारोवार उत्पादन/बजारिकरणतथा सेवा प्रवाह गर्दा प्रचलित कानुन बमोजिम गर्नु गराउनु पर्नेछ । अन्यथा नभएको पाइएमा कानुनु बमोजिम भई जानेछ ।

**कृषि,पशुपंछी तथा माछाजन्य व्यवसाय अभिलेख,दर्ता,नविकरण तथा इजाजत दिएको अभिलेख**

| नविकरण गरेको मिति | म्याद सकिने मिति | राजश्व बुझाएको रसिद नं | सिफारिस गर्नेको दस्तखत | नविकरण गर्ने अधिकारीको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

३.सुंगुर/बंगुर फर्म दर्ताका लागि न्युनतम ३ माउ उत्पादन योग्य वयस्क पोथि र १ व्याडे भाले पशु र मासुको लागि १५ वटा वयस्क वगुर पालेको हुनुपर्नेछ ।

४.पन्छी जन्य व्यवसाय फर्म दर्ताका लागि ब्रोइलर कुखुरा भए न्युनतम २०० को संख्यामा,लेयर्स भए ५०० को संख्यामा र स्थानिय कुखुरा /वट्टाइ/कालिज/हाँस भए १०० वटा वयस्क उत्पादन योग्य पन्छी पालेको हुनु पर्नेछ ।

५.माछा पालन व्यवसायका लागि कम्तिमा २०० वर्गफुट क्षेत्रफलमा माछा पोखरी निर्माण गरि माछापालन व्यवसायको पुर्वाधार निर्माण गरि १००० माछा पालन भएको हुनुपर्नेछ ।

६.कृषि व्यवसाय संचालन गरी दर्ता गर्न तरकारी खेती,नर्सरी स्थापनाका लागि न्युनतम ५ रोपनी ,फलफूल खेति/नगदेवालि/मसला बालि/उच्च मुल्यका बालि/घाँसे नर्सरी आदिका लागि न्युनतम १० रोपनि जमिन निजि स्वामित्व वा १० वर्षको कवुलियतनामा गरेको हुनु पर्नेछ ।

७.मौरीपालन व्यवसाय दर्ताका लागि कम्तिमा आधुनिक १० घार मौरी पालेको हुनुपर्नेछ र मौरी घार निर्माण,सप्लायर्स तथा मौरी सम्वन्धि अन्य कारोवारको लागि आवश्यक पुर्वाधार भएको हुनुपर्नेछ ।

## ५.२ कृषि तथा पशुपंक्षिजन्य उधोग व्यवसाय अलावा कृषि तथा पशुपंछीजन्य पदार्थ,मेशिन औजार,औषधि,बिउ बिजन कारोवार निकासि पैठारिको क्षेत्रमा काम गर्नेः

यस अन्तर्गत दाना,छाला,पश्मिना,राडी पाखी,डेरी उधोगहरूको साथै फ्रेस हाउस माछा पसल/सप्लायर्स,वधशाला,डेरी पसल तथा सप्लायर्स,तरकारी तथा मसला पसल/सप्लायर्स ,एग्रोभेट पसलहरू,कृषि औजार सप्लायर्सहरू,जिउँदो पशपंछीको कारोवार ओसार पसार ,बिक्रि गर्ने खरिते ,ब्रुडिङ/ब्रिडिङ सेन्टर,बिउ बिजन संकलन भण्डारण गर्ने कृषक,समुह,सहकारी ,फर्म वा कम्पनी लगायत उप दफा ४.१ मा उल्लेख भए बाहेकका कृषि व्यवसाय संग सम्बन्धित कुनैपनि कारोवार गर्ने व्याक्ति,फर्म वा कम्पनी यस समुह अन्तर्गत राखिने छ । लगानि तथा क्षमताको आधारमा व्यवसायको बर्गिकरण यस प्रकार हुने छ ।

**क) वर्गः** ५० लाख माथिको कारोवार

**ख) वर्गः** २० देखी ५० लाख सम्मको कारोवार

**ग ) वर्गः**२० लाख सम्मको कारोवार

## ६.व्यवसाय दर्ता प्रकृयाः

(क) व्यवसाय दर्ता गर्नुपर्नेः प्रत्येक व्यवसायिले व्यवसाय सम्बन्धित संघिय तथा प्रादेशिक कानुन बमोजिम सम्बन्धित कार्यालयहरू (घरेलु तथा साना उधोग विकास कार्यालय,कम्पनी रजिस्टार,जिल्ला प्रशासन,कर दाता सेवा कार्यालय,सहकारी विभाग,वन डिभिजन कार्यालय,औषधि व्यवस्था विभाग तथा विषयगत

व्यवसायिक संघ जस्ता कार्यालय) मा दर्ता तथा अनुमती लिएर व्यवसाय संचालन गरिरहेको भए पनि गाउँकार्यपालिकाको कार्यालयमा रहेको विषयगत शाखा (पशु सेवा केन्द्र/कृषि सेवा केन्द्र) मा आर्थिक वर्षको श्रावण मसान्त सम्ममा आ –आफ्नो व्यवसायको अनिवार्य अनुमती,दर्ता,नविकरण र अभिलेखीकरण गरराउनु पर्नेछ।

(ख) व्यवसाय दर्ता अवधिःगाउँपालिकामा गाउँसभाले अवधि तोकी व्यवसाय दर्ताको लागी सुचना प्रकाशन गर्नेछ र सुचना प्रकाशन भए पनि नभए पनि यसै कार्यविधि अनुसार वर्षै भरि तोकिएको जरिवाना तिरि व्यवसाय दर्ता नविकरण गर्न गराउन सकिनेछ।

(ग)तोकिएको समय भित्र व्यवसाय दर्ता गर्नुपर्नेः– हाल संचालनमा रहेका सम्पुर्ण व्यवसायिले असार मसान्त सम्ममा अनिवार्य दर्ता /नविकरण गरिसक्नु पर्नेछ ।साथै  नयाँ व्यवसाय संचालन गर्ने व्यवसायिले व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ।

(घ) मापदण्ड बमोजिम पुर्वाधार निर्माण तथा व्यवसाय संचालन गर्नेः– कृषि तथा पशपंछी जन्य फर्महरू तथा व्यवसायहरूका लागि पुर्वाधार निर्माण र व्यवसाय संचालनका लागि सम्बन्धित विभागले तय गरेको मापदण्ड लागु गर्नु पर्नेछ ।जस्तै पशु बधशाला निर्माण,मासु पसल संचालन,पशुपंछी फर्म नियमन निर्देशिका,डेरी व्यवसाय कार्यान्वयन निर्देशिका जस्ता संघिय तथा प्रादेशिक कानुन र व्यवस्थाको मापदण्डमा रहेर वातावरण मैत्रि जैविक सुरक्षा,एस .पि.एस मेन्टेनेनस जस्ता प्रकृया पुर्याएर व्यवसाय संचालन गरेको हुनु पर्ने।

(ङ) फार्म/उधोग/कम्पनी/व्यवसाय संचालन गर्दा जैविक सुरक्षा (अनुसुची बमोजिम व्यवसाय प्रकृति अनुसारको) विधि अवलम्बन गरेको हुनु पर्नेछ।

## ७.दर्ताका लागि आवश्यक कागजातहरूः

७.१.व्यवसाय दर्ताका लागि व्यवसायिले देहायका कागजातहरू सहित **अनुसुचि–१** बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

(१) हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(३)टोल मुचुल्का,२० लाख भन्दा माथिको व्यवसाय भए Scheme पेश गर्नुपर्नेछ।

(४)व्यवसाय संचालन हुने जग्गाको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी

(५) अर्काको घर जग्गा  भए  व्यवसाय संचालन गर्न दिने १० वर्षको मन्जुरीनामा तथा भाडा सम्झौता पत्र

(६)उधोगको हकमा संधियारको मन्जुरीनामा।

(७)उपरोक्त कागजात साथै वडा,तथा विषयगत शाखाको सिफारिस पेश गर्नु पर्ने छ।

## ८.प्रमाणपत्र सम्बन्धि व्यवस्था

अनुसुची २

दफा(८) सँग सम्बन्धित ,व्यवसाय दर्ता प्रमाण पत्रको ढाँचा

कृषि,उर्जा,पर्यटन र प्रविधि हिलिहाङको समृदी

**हिलिहाङ गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**(……………..सेवा केन्द्र)**

**पंचमी,पाँचथर**

**१ नं प्रदेश नेपाल**

| व्यवसायिको पासपोर्ट साइजको फोटो |
|---|

व्यवसाय दर्ता प्रमाण पत्र

देहाय बमोजिमको विवरण भएको………………………..व्यवसायलाई स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११(७) तथा दफा १०२(२) र कृषि व्यवसाय (अनुमति,दर्ता , नविकरण) कार्यविधि,२०७९ बमोजिम व्यवसाय संचालन प्रयोजनका लागि यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाण पत्र दएको छ।

देहाय

१.व्यवसायको नामः………….. ठेगानाः…………………..

२.प्रोपाइटरको/संचालकको नामः…………………….ठेगाना…………………..

३.प्रोपाइटर/संचालकको बाबु/पतिको नामः……..बाजेको नामः…………………

४.व्यवसाय दर्ता नं…………………… पान नं……………………..

५.कारोवार शुरू मितिः…………………व्यवसायको किसिम………………..

६.यस कार्यालयमा व्यवसायको अनुमति/दर्ता/नविकरण/अभिलेख भएको मिति……

७.व्यवसायको श्रेणी……..८.प्रोपाइटर /संचालकको नागरिकता राष्ट्रिय परिचय पत्र नं….

९.अन्य निकायमा दर्ता भए दर्ता नम्बर……क………दर्ता मिति…………..

१०.दर्ता गर्ने कार्यालयको नाम ……………………………….

११.व्यवसाय संग सम्बन्धित उधेश्य/अन्य कुराहरू थप गर्नु पर्ने भएमा………

…………………… ……………………..

कृषि/पशु सेवा केन्द्र प्रमुख प्रशासकिय अधिकृत

अनुसुचि–१
दफा ६ संग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
हिलिहाङ गाउँपालिकाको कार्यालय पञ्चमी,पाँचथर

विषयः व्यवसाय दर्ता गरि पाउँ।

महोदय,

प्रस्तुत विषयमा मैले तपशिल अनुसारको विवरण भएको व्यवसाय संचालन गरिरहेको/गर्न इच्छुक भएकोले नियामाअनुसार व्यवसाय दर्ता अनुमति/अभिलेखिकरण/नविकरण गरिदिनुहुन अनुरोध छ।

**निम्न**

१.व्यवसायको नामः
२.ठेगानाः
३.व्यवसायमा संञ्चालन हुने क्रियाकलापहरू
४.व्यवसायमा भएको अनुमानित लगानी
५.व्यवसाय शुरू मितिः

**संलग्न कागजातहरू**

१.हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटा
२.नागरिकताको फोटोकपी
३.जन प्रतिनिधिको रोहवरमा गरेको टोल मुचुल्काको प्रतिलिपी
४.व्यवसाय संचालन हुने घर जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी
६.घर जग्गा भाडा भए भाडा सम्झौता पत्र कम्तिमा १० बर्षको
७.उधोगको हकमा संधियारको मन्जुरीनामा
८.वडाकार्यालय तथा विषयगत शाखाको शिफारिसपत्र
९.गाउँपालिका राजश्व शाखामा राजश्व बुझाएको भौचर

निवेदक

नाम
ठेगाना
मिति

१) माथि ७.१ मा उल्लेखित कागजातहरू प्राप्त भइसके पश्चात तोकिएको दस्तुर लिई कार्यालयले **अनुसुची–२** बमोजिकको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ।

**९.व्यवसाय दर्ता तथा नविकरणको अभिलेख तथा प्रमाणपत्र सम्बन्धि व्यवस्थाः**

व्यवसायको अभिलेख,अनुमति,दर्ता,नविकरण गरेको अभिलेख **अनुसुची ३** बमोजिमको ढाँचामा व्यवसाय दर्ता किताव तयार गरी कार्यालयले अभिलेखको व्यवस्था गर्नेछ।

**१०.व्यवसाय दर्ता तथा नविकरण शुल्क र पुनरावलोकन सम्बन्धि व्यवस्थाः**

(१) व्यवसाय अनुमति/दर्ता/नविकरण सम्बन्धि शुल्क/दस्तुर राजश्व परामर्श समिति गाउँपालिकाको शिफारिसमा गाउँ सभाले पारित गरे बमोजिम हुनेछ।

(२) अन्य कर शुल्क दस्तुर महशुल **हिलिहाङ गाउँपालिकाको आर्थिक ऐन** मा उल्लेख भए बमोजिम हुनेछ।

(३)व्यवसाय दर्ता/नविकरण शुल्कमा गाउँकार्यपालिकाको शिफारिसमा गाउँसभाले पुनरावलोकन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता /नविकरण शुल्क सम्बन्धी जानकारी गाउँपालिकाको **website:www.hilihangmun.gov.np** वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ।

## परिच्छेद–३

## अनुगमन तथा कारबाही

**११.अभिलेख सम्बन्धी व्यवस्थाः–** सम्पुर्ण व्यवसायिहरूले आफ्नो व्यवसायको प्रकृति अनुसार उत्पादन हुने वस्तु,सेवाको प्रकृति,मुल्य कर्मचारी,फार्म अभिलेख आदि अनिवार्य रूपमा राख्नु पर्नेछ।

**१२.अनुगमन सम्बन्धी व्यवस्थाः–**

(१) यस गाउँपालिका भित्र संचालन भएका कृषि तथा पशुपंछी उधोग,व्यवसायलाई ,व्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ।

(२) स्थानिय सरकार संचालन ऐनले गरेको व्यवस्था अनुसारको अधिकार प्रयोग गरि कृषि तथा पशुपंछी उधोग,व्यवसायलाई यस गाउँपालिकामा निम्न अनुसारको समिति वा टोलिले अनुगमन गर्नेछ।

**निम्नः**

(१)अनुगमन समिति/टोलि प्रमुखः प्रमुख प्रशासकिय अधिकृत वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी–१

(२)जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि–१

(३)कृषि ज्ञान केन्द्र कार्यालयका प्रमुख वा प्रतिनिधि–१

(४)भेटेरीनरी असपताल तथा विज्ञ केन्द्रका प्रमुख वा प्रतिनिधि–१

(५)हिलिहाङ गाउँपालिका विषयगत कृषि,पशुपंछी,उधोग शाखाका प्रमुख वा प्रतिनिधी–१

(६) उधोग वाणिज्य संघका अध्यक्ष वा प्रतिनिधि–१

(७) घरेलु तथा साना उधोग विकास कार्यालयका प्रमुख वा प्रतिनिधि–१

(८)जिल्ला प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि–१

(९) पत्रकार महासंघ जिल्ला शाखा प्रमुख वा प्रतिनिधि–१

(१०)आवश्यकता अनुसार विषय विशेषज्ञ तथा राजश्व,अनुसन्धान,नापतौल विभाग,खाध्य प्रविधि तथा गुणस्तर नियन्त्रण कार्यालयका प्रतिनिधि समेत अनुगमनमा सहभागी गराउन सकिनेछ।

(३) अनुगमन प्रकृया मापदण्ड प्रदेश तथा संघिय सरकारले जारी गरेका कृषिजन्य,पशुपंक्षीजन्य तथा माछाजन्य व्यवसाय संग सम्बन्धित ऐन कानुन र निर्देशिका (पशुपंछी फर्म संचालन मापदण्ड,डेरी संचालन मापदण्ड,माछा ,मासु पसल संचालन मापदण्ड,एग्रोभेट संचालन मापदण्ड ) हरूलाई आधार मानिने छ। अनुगमन गर्न गाउँपालिकाले **अनुसुची ४** बमोजिमको चेक लिस्ट तयार गरि ऐन अनुसार चालु व्यवसाय संचालन भए नभएको अनुगमन र मुल्याङकन गरि सोहि अनुसारको निर्देशन गर्न सकिने छ।

**१३. दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्था:**

देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गराउन सम्ने वा सम्बन्धित निकायमा कार्वाहीको लागि शिफारिस गरिनेछ।

(क)तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा।

(ख)निषेध गरिएका सामग्रिहरू बेचबिखन गरेमा।

(ग)कालाबजारी गरेमा।

(घ) गुणास्तरहिन,प्रदुषित,फोहोर सामग्रीहरू बेचबिखन गरेमा।

(ङ)म्याद नाघेका सामग्रीहरू बेचबिखन गरेमा।

(च) चर्को मुल्यमा सामग्रिहरू बेचबिखन गरेमा।

**१४.कारबाही र जरिवाना सम्बन्धि व्यवस्था**

(१) बजार अनुगमनको क्रममा देहायका अवस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना गरिनेछ।

| **विवरण** | **जरिवाना** |
|---|---|
| **क.** मुल्यसुची नराखेमा | रू ५०० । |
| **घ**. गुणस्तरिय सामाग्रिहरूको उतपादन र बेचबिखन गरेमा | रू २–५ हजार |
| **ङ**. म्याद नाघेका सामाग्रिहरू बेचबिखन गरेमा | रू २–५ हजार |
| **च**.बजार मुल्य भन्दा चर्को मुल्यमा समाग्रीहरू बेचबिखन गरेमा | रू २–५ हजार |
| **छ**.प्रदुषित,फोहोर सामाग्रीहरू उत्पादन र बेचबिखन गरेमा | रू ५००० । |

(२) उपदफा(१) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायिले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायिलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ।

(३) तेश्रो पटक सम्म पनि सोहि गल्ति दोहोर्याएको पाईएमा व्यवसाय बन्द गराउन सक्ने वा सम्बन्धित निकायमा कार्वाहिको लागि शिफारिस गरिनेछ।

## परिच्छेद–४
## विविध

**१५.व्यवसाय दर्ता,अभिलेख तथा अनुगमन व्यवस्थापनका लागि आर्थिक व्यवस्था:–**

(१)यो कार्यविधि अनुसार दर्ता भइ संचालनमा रहेका वा दर्ता नगरी संचालन गरिरहेका व्यवसायहरूलाई दर्ता प्रकृयामा ल्याई व्यव्स्थित र प्रभावकारी बनाउन गाउँपालिकाले दर्ता,नविकरण,अभिलेख व्यवस्थापन र अनुगमनका लागि आर्थिक विकास बजेटमा यस सम्बन्धि कार्यक्रम बनाई बजेटमा समावेस गर्न सक्नेछ।

(२) यस कार्यविधि बमोजिम व्यवसायहरूको दर्ता,नविकरण तथा अभि लेख व्यवस्थापनका लागि वार्षिक रू २०००० सम्म गाउँपालिकाका विभिन्न वडाहरूमा संचालित कृषि तथा पशुपंछी जन्य व्यवसायहरूको अनुगमन कार्यको हकमा अनुगमनमा जाने कर्मचारीलाई दैनिक भ्रमण खर्च दिन मिल्ने भए सोहि बमोजिम र दैनिक भ्रमण खर्च लेख्न नमिल्ने स्थानहरूको हकमा अधिकृत स्तरको दैनिक २००० यातायात,खाना,खाजा,वास र सहायक स्तरको कर्मचारीलाइ १२०० का दरले वा इन्धन खर्च व्यवस्था गर्न सकिनेछ।

**१६. बाधा अडकाउ तथा खारेजी सम्बन्धि व्यवस्था:**

(१)यो कार्यविधिको कार्यान्वयनलाइ व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार थपघट,हेरफेर वा संशोधन वा खारेज गर्न सक्नेछ।

(२)यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**१७.विषेस व्यवस्था:** माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेल सम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन नबनाए सम्म वा यस कार्यविधिलाइ कानुनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पुर्ण रूपमा लागु रहनेछन।